

**के तपाईको घर पा(नीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

**रू. १.५ मा**

**कलर भिजिटिङ कार्ड साथै**

**तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा**

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक ३ गते शुक्रबार ❑ 20 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## 'नेपाली भाषाप्रति प्रहार भइरहेको छ'

**पोखरापत्र संवाददाता**
पोखरा, २ कार्तिक

गण्डकी प्रदेशका मुख्यमन्त्री एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुरेन्द्रराज पाण्डेले नेपाली भाषा र धर्ममाथि प्रहार भइरहेको बताउनुभएको छ।

नेपाली कांग्रेस कास्की क्षेत्र नं १ (ख) द्वारा पोखरामा बिहीबारआयोजित नेपाली कांग्रेसको प्रथम प्रदेश सम्मेलन एवं विजयदशमी तथा दिपावलीको शुभकामनामा उहाँले नेपाली भाषा र धर्मप्रति प्रहार गरी जनताले प्राप्त गरेका उपलब्धिलाई समाप्त गर्न खोजिएको बताउनुभयो । सबै जात, धर्म, भाषा र संस्कृतिलाई एकताको रुपमा लिँदै आएको बताउँदै मुख्यमन्त्री पाण्डेले सामाजिक सद्भाव खलबल गरी मुलुकलाई कमजोर बनाउने तत्वसँग सजग रहनुपर्नेमा जोड दिनुभयो । मुख्यमन्त्री पाण्डेले कांग्रेस कमजोर भए सङ्घीय लोकतन्त्र धरापमा पर्ने बताउँदै सबै नेता तथा कार्यकर्ताले आफ्नो कमजोरीलाई सच्याउँदै जानुपर्ने बताउनुभयो । आफू नेतृत्वको सरकारले सकेसम्म राम्रो काम गर्ने उल्लेख गर्दै उहाँले पार्टी र कार्यकर्ताको शिर झुकाएर कांग्रेसलाई बन्धक बनाउन नचाहेको स्पष्ट पार्नुभयो। कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले कांग्रेसको विकल्प कांग्रेस नै भएको बताउँदै यही पार्टीमा नै रहेर प्रजातन्त्रको पूर्ण सदुपयोग गर्न कार्यकर्तालाई आग्रह गर्नुभयो । कांग्रेसका नेता सच्चिनुपर्ने बताउँदै उहाँले भन्नुभयो, "कांग्रेससँगै डराउनुपर्छ अन्य पार्टीसँग डराउनुपर्दैन, कांग्रेस एक भएर गएमा प्रजातन्त्र पनि बलियो हुन्छ र मुलुकले पनि आर्थिक र सामाजिक उपलब्धि हासिल गर्न सक्छ।" कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले विदेशिने युवा जनशक्तिलाई स्वदेशमै रोजगार दिन कृषि र अन्य उत्पादनशील क्षेत्रमा लाग्ने नीति लिनु जरुरी भएको बताउनुभयो । कास्की क्षेत्र नं १ (ख) का सभापति कृष्ण कोइरालाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पूर्व कास्की जिल्ला सभापति कृष्ण केसी, गण्डकी प्रदेशका सहमहामन्त्री कोपिला रानाभाट, गण्डकी प्रदेशसभा सदस्य सरस्वती गुरुङ, गण्डकी प्रदेशका प्रवक्ता माधव बास्तोला (मधु), क्षेत्रीय सभापति राजेन्द्रमणि लामिछाने, पूर्वजिल्ला सचिव सुदीपमोहन भट्टराई, विमला भण्डारीलगायतले कांग्रेसलाई एकताबद्ध बनाएर लैजानुपर्नेमा जोड दिनुभएको थियो।

## पोखरामा शुक्रबारसम्म मात्र नयाँ नोट सटही हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २ कार्तिक

दशैं पर्वको अवसरमा सुरु भएको नयाँ नोट सटही पोखरामा शुक्रबार १२:३० बजेसम्म मात्र हुने भएको छ।

गत सोमबारदेखि नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले नयाँ नोट सटही गर्न सुरु गरेकोले दशैं पर्व लक्षित शुक्रबार मध्यान्हः १२:३० बजेसम्म मात्र गर्ने भएको कार्यालयका उपनिर्देशक पुष्कर शुर्खालीले बताए । पोखरामा हालसम्म आम सर्वसाधारणलाई १९ करोड ३० लाखको नयाँ नोट सटही गरिएको छ।

उनका अनुसार विहिबार ४ करोड ६ लाख नयाँ नोट सटही भएको छ भने हालसम्म उक्त रकम सटही भएको हो । यस बर्षको दशैं पर्व लक्षित हुने गरी सोमबार देखि सानो नोट १८ हजार ५ सय रुपैयासम्मको एक बण्डल सटही गरेको उपनिर्देशक शुर्खालीले उल्लेख गरे । राष्ट्र बैंक पोखरा कार्यालयले नयाँ नोट सटही गर्न सुरु गरेसंगै सटही गर्नेहरुको हरेक दिन बिहानै देखि भिडभाड भएको थियो।

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार प्रति व्यक्ति १८ हजार ५० सयको नयाँ नोट सटही गर्न पोखराको कार्यालयबाट सुरु गरिएको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक आर्या जोशीले बताइन्। आम सर्वसाधारणको लागि भने गत बर्ष झै यस बर्ष पनि सानो नोट (५, १०, २०, ५० र १००) का एक/एक बण्डल सटहीको व्यबस्था गरिएको उनले जनाइन्।

नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले गण्डकी प्रदेशका बैंक तथा वित्तीय संघ संस्थाहरुलाई पहिलो चरणमा ८३ करोड २५ लाखको नयाँ नोट सटही गरेको छ। नेपालीहरुको महान पर्व विजया दशमी पर्वको अवसरमा यस बर्ष १ अर्ब २३ करोड ४५ लाख नयाँ नोट सटही गर्ने योजना रहेको राष्ट्र बैंक पोखरा कार्यालयलका उप–निर्देशक सम्झना ढकालले बताइन्। नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले गत बर्ष १ अर्ब ५५ करोड २२ लाख रुपैया बैंक तथा विक्तिय संघ संस्था सहित आम सर्वसाधारणलाई नयाँ नोट सटही गरेको थियो । यस बर्ष आफुहरुसंग नयाँ नोटको धेरै स्टक नभएकोले माग अनुसार दिन नसके पनि सन्तुलित ढंगले वितरण गर्दै गरेको उप–निर्देशक ढकालले जनाइन् । यस बर्ष सायद आर्थिक मन्दीले गर्दा ५ रुपैयाको नोटको माग अध्याधिक भएको राष्ट्र बैंकले जनाएको छ।

## तीन महिनामा पन्ध्र हजार विदेशी पर्यटक पुगे मुस्ताङ

**पोखरापत्र संवाददाता**
पोखरा, २ कार्तिक



मुस्ताङमा पर्यटकीय चहलपहल बढ्न थालेको छ। पर्यटकीय याम सुरु भएसँगै पर्यटकको आवागमन बाक्लिएको हो। असोज-मङ्सिर नेपालको मुख्य पर्यटकीय याम हो । जोमसोमस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको इलाका संरक्षण कार्यालयका अनुसार गत साउनयता १५ हजार तीन सय २८ विदेशी पर्यटकले मुस्ताङ घुमेका छन्।

"चालु आर्थिक वर्षको साउनदेखि असोजसम्ममा सार्क मुलुकका १३ हजार ९८ र सार्कबाहिरकाका दुई हजार दुई सय ३० पर्यटकले मुस्ताङ भ्रमण गरेका छन्", संरक्षण कार्यालयका प्रमुख प्रमोदराज रेग्मीले भन्नुभयो, "मुस्ताङ भित्रने विदेशी पर्यटकमा भारतीयको सङ्ख्या बढी छ, भारतीय धार्मिक पर्यटक मुख्य गरी मुक्तिनाथको दर्शन भ्रमणका लागि आउँछन्।" उहाँले कोभिड-१९ महामारीका बेला सुस्ताएको मुस्ताङको पर्यटन विस्तारै लयमा फर्किरहेको बताउनुभयो । अघिल्ला वर्षको तुलनामा मुस्ताङमा आन्तरिक पर्यटकको चहलपहल भने केही घटेको पाइएको कार्यालय प्रमुख रेग्मीले उल्लेख गर्नुभयो। "मुस्ताङ घुम्ने आन्तरिक पर्यटकको तथ्याङ्क त राख्ने गरिएको छैन, तैपनि यो वर्ष मुस्ताङमा नेपालीहरूको आवागमन कमै देखिन्छ", उहाँले भन्नुभयो। गत वर्षको तुलनामा आन्तरिक पर्यटक मुस्ताङमा धेरै कम भित्रिएको जोमसोमस्थित होटल सिर्जना होटल एण्ड थकाली भान्छाघरका सञ्चालक मनगुना थकालीले बताउनुभयो । "दसैंको वरिपरि आन्तरिक पर्यटकको चाप बढ्थ्यो, होटल पाहुनाले भरिभराउ हुन्थे, अहिले मुख्य याममै होटलका कोठा खाली छन्", उहाँले भन्नुभयो, "आर्थिक मन्दीको असर मुस्ताङको पर्यटनमा पनि देखिएको छ, दसैंपछि आन्तरिक पर्यटक बढ्ने आशा छ।"

मुस्ताङ जोड्ने सडक कमसल हुँदा पनि पर्यटकको आवागमन सहज हुन नसकेको थकालीले बताउनुभयो । "वर्षायामको तुलनामा अहिले सडक केही सुधार त भएको छ, तर स्तरीय सडक नहुँदा मुस्ताङ आउने पर्यटकले ठाउँ-ठाउँमा सास्ती खेप्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो। मुख्य याममै पर्यटक कम आएपछि मुस्ताङ र आसपासका होटल तथा पर्यटन व्यवसायी चिन्तित छन् । म्याग्दी हुँदै सडकमार्ग र पोखराबाट हवाईमार्ग भएर पर्यटक मुस्ताङ पुग्छन्। मनाङ हुँदै थोरङ्ला भञ्ज्याङ काटेर पनि पर्यटक मुस्ताङ छिर्ने गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रबिन कडरियाले बताउनुभयो।

विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा समेटिएको मुस्ताङ आन्तरिक र बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको उहाँको भनाइ छ । "समग्रमा मुस्ताङमा विदेशी पर्यटकको सङ्ख्या बढेको पाइए पनि सार्क मुलुकबाहिरका पर्यटकको सङ्ख्या भने घट्दै गएको देखिन्छ", प्रमुख डा कडरियाले भन्नुभयो, "मुस्ताङ घुम्ने विदेशी पर्यटकमध्येमा अधिकांश भारतीय धार्मिक पर्यटक छन् ।" मुस्ताङस्थित मुक्तिनाथ क्षेत्र विश्वभरका हिन्दूमाझ पवित्र धार्मिकस्थल मानिन्छ।

मुक्तिनाथकै बाटो भएर बौद्ध भिक्षु पद्यसम्भव बौद्ध धर्म प्रचारका लागि तिब्बत गएको हुँदा त्यस क्षेत्र बौद्धहरूको पनि तीर्थस्थलका रूपमा चिनिन्छ । मुक्तिनाथ मन्दिरको दर्शन गरेमा 'मोक्ष' प्राप्त हुने जनविश्वास छ। मनोकाङ्क्षा पूरा हुने र पितृहरूको उद्धार हुने आशामा बर्सेनि हजारौं तीर्थयात्री मुक्तिनाथ क्षेत्र पुग्छन्।

## धार्मिक सद्भाव र सामाजिक सहकार्य कायम गरौँ- नेता पौडेल

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ कार्तिक

नेकपा (माओवादी केन्द्र) का सचिव तथा गण्डकी प्रदेश इञ्चार्ज देवेन्द्र पौडेलले धार्मिक सद्भाव र सामाजिक सहकार्यको वातावरण बनाउनुपर्नेमा जनोड दिनुभएको छ।

उक्त पार्टीको बेनी नगर कमिटीले दसैं तिहारलगायत चाडपर्वको अवसरमा आज बेनीमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले धार्मिक र सामाजिक सद्भाव खलबल्याउने तत्वप्रति सचेत रहनुपर्ने बताउनुभयो । "मिलेर बसेको समाजमा सामाजिक सञ्जाल दुरुपयोग गरेर धार्मिक र सामाजिक सद्भाव खलबल्याउने गतिविधिप्रति हामी सबै सचेत हुनुपर्छ", नेता पौडेलले भन्नुभयो, "सद्भाव खलबलाउने, व्यवस्थाप्रति भ्रम पैदा गराउने र देशलाई अधोगतितर्फ लैजाने गतिविधिलाई निरुत्साहित गर्न धार्मिक सद्भाव र सामाजिक सहकार्य हुनुपर्छ।" सेवाप्रवाह र विकासका विषयमा नागरिकले उठाउने प्रश्नलाई राजनीतिज्ञ र प्रशासकले सचेतरूपमा लिनुपर्ने बताउँदै उहाँले अहिलेको व्यवस्थाबाट पछि फर्कने अवस्था नरहेको स्पष्ट पार्नुभयो । नेता पौडेलले भन्नुभयो, "राज्यप्रति विश्वास दिलाउन सबै सरकारी निकाय पारदर्शी, निष्पक्ष र जनताप्रति केन्द्रित हुनुपर्छ।"

सोही पार्टीका जिल्ला ईञ्चार्ज गुप्तबहादुर हमालले चाडपर्वलाई धार्मिक सद्भाव र सहकार्य गर्ने अवसरका रुपमा प्रयोग गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापा र बेनी नगरपालिकाका प्रमुख सुरत केसीले स्थानीय राजनीतिक दल र प्रशासनिक निकाय विकासको मुद्दामा एकताबद्ध रहेका छन् भन्नुभयो । प्रमुख जिल्ला अधिकारी तुलसीराम

बाँकी अन्तिम पृष्ठमा ▶▶

**हार्दिक मंगलमय शुभकामना**

नेपालीहरुको महान चाड विजयादशमी, शुभ दीपावली, छठ पर्व तथा नेपाल सम्वतको पावन अवसरमा आम व्यवसायी, स्वरोजगार चालक, चालक लगायत विभिन्न संघ संस्था, विभिन्न प्रा.लि. का अध्यक्ष एवं सम्पूर्ण परिवार लगायत आम नेपाली दिदीबहिनी, दाजुभाइ सबैमा हार्दिक मंगलमय शुभकामना ज्ञापन गर्दछु।

गान्धीराज गिरी
अध्यक्ष एवं
गण्डकी ट्याक्सी व्यवसाय प्रा. लि. परिवार
रानीपौवा, पोखरा-११

## आईएनएफ नेपाल पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, २ कार्तिक

नेपालमा कार्यरत आईएनएफ नेपाल यस वर्षको एल्स क्रोनेर फ्रेसेनियस अवार्ड फर डेभलप्मेण्ट कोअपरेसन इन मेडिसिन २०२३ प्राप्त गर्न सफल भएको छ।

जर्मनीमा अवस्थित इ.के.एफ.एस. नामक संस्थाले विश्वभरीका ३५ भन्दा बढी संघ संस्था मध्येबाट आईएनएफ नेपाललाई स्वास्थ्य क्षेत्रमा त्यसमा पनि विशेषगरेर कुष्ठरोगको उपचार तथा निराकरणमा विगत ७० वर्षभन्दा बढी समयदेखि अनवरत रुपमा पुर्याउँदै आएको योगदानको उच्च मूल्याङ्कन गर्दै सो प्रदान गरेको हो। उक्त पुरस्कार आईएनएफ नेपाल हरियोखर्क अस्पताल तथा पुर्नस्थापना केन्द्रका कर्मचारी दोरोथीदास परियार र थम बहादुर

बाँकी अन्तिम पृष्ठमा ▶▶

**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सहारा क्लबको मैत्रीपूर्णखेल, वृक्षारोपण तथा शुभकामना आदानप्रदान

पोखरापत्र संवाददाता
पोखरा, २ कार्तिक

सहारा क्लब पोखराले वडा दशैंको अवसरमा नेपाल खेलकुद पत्रकार गण्डकीसँग मैत्रीपूर्ण फुटबल खेलेसँगै वडा दशैंको शुभकामना तथा वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ।

उक्त कार्यक्रमको उद्घाटन गर्दै पोखरा १७ का वडा अध्यक्ष राधिका कुमारी शाहीले क्लबको लागि जे आवश्यक छ त्यसमा पहल गर्ने प्रतिबद्धता व्यक्त गरिन्। वडाले सबै काम गर्न नसके पनि वडाले सुरूवात गरिदिने उनले बताइन् । पर्यावरणको लागि वृक्षरोपण आवश्यक भएको बताउदै दोभिल्ला संरक्षण गर्न २० लाख विनियोजन भएको जानकारी गराइन् । स्थानीय सरकारले अन्य सरकारसँग समन्वय गर्दै दोभिल्ला संरक्षण र हरियाली वातावरण बनाउने अभियानमा लाग्ने उनको भनाई थियो । तिनकुने देखि दोविल्लासम्म विश्व बैंकले केहि योजना बनाउने चासो देखाएका उनले सुनाईन्। साथै वडाकपका



लागि मैदान अभाव हुँदा वडाका युवाहरुले असन्तुष्टि व्यक्त गरेको सुनाउँदै उनले प्रतियोगिताको लागि एकेडेमीको मैदान उपलब्ध गराईदिन समेत आग्रह गरिन् ।

कार्यक्रममा क्लबका संस्थापक अध्यक्ष वसन्त थकालीले दशैं पर्वलाई सामाजिक संजालमा समाजलाई विखण्डन गर्न खोजिएकोले यसमा सचेत हुनुपर्नेमा जोड दिए । नेपालीहरु एकताको सुत्रमा बाधिनु पर्ने उनले बताए । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले सहारा एकेडेमी सहित दोविल्ला बचाउनुपर्नेमा जोडदिए। सहारा क्लव हङहङका अध्यक्ष दीपक गुरूङले फुर्सेखोलाले ड्यामा भत्काउन थालेकोले अब चेकड्याम निर्माण गर्नुपर्ने बताए। आजीवन सदस्य विश्वराज बरालले प्रत्येक वडामा खेलकुद मैदान बनाउने अभियान अन्तर्गत एकेडेमीमा थप मर्मत सम्भार गर्न आग्रह गरे। एकेडेमीलाई वडाको खेलकुद गतिविधिमा समेत समेट्न सक्ने आश्य व्यक्त गरे। क्लबका मानार्थ सदस्य महेश गुरूङले सहारा एकेडेमी बचाउन स्थानीय सरकार लाग्नु पर्ने बताए। सल्लाहकार मदन केसीले २५ बर्ष अघि परिकल्पना गरिएको एकेडेमीको स्मरण गर्दै सहारा क्लबले फुटबल मात्र नभई सामाजिक कार्यसमेत गर्दै आएको बताए । सहारा क्लबका अध्यक्ष केशवराज बराल, महासचिव रामजी प्रसाद अधिकारी, संयोजक केशर पौडेल, सदस्य सन्दीप सुवेदी लगायतले शुभकामना व्यक्त गरेका थिए । यस्तै मैत्रीपूर्ण खेलमा सहारा क्लबले नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीलाई २-१ गोलले पराजित गरेको छ । सहाराको तर्फबाट शुसिल बराल र राजेश पुनले एक एक गोल गर्दा मञ्चको तर्फबाट मञ्चका अध्यक्ष दीननाथ बरालले बसन्त शेर्पाको पासमा गोल गरे । २५, २५ मिनेटको खेलमा दुबै तर्फ एक एक गोलले बराबरी भए पछि आन्तरिक सहमतिमा भाले गोलको सहायताबाट सहाराले जित हासिल गरेको हो । पहिलो हापमा एक गोलले अघि रहेको मञ्च घरेलु मैदानको भरपूर सदुपयोग गर्दै क्लवले दोश्रो हापको करिब भाले गोलको खोजीमा करिब अतिरिक्त दश मिनेटमा गोल गरेको हो । मंञ्चको कप्तानमा सुरज श्रेष्ठ रहेका थिए।

# बाँझापाटन मिलनको अध्यक्षमा रामलाल र आमा समूहको अध्यक्षमा भगवती

पोखरापत्र संवाददाता
पोखरा, २ कार्तिक



पोखरा महानगरपालिका वडा नं १३ स्थित बाँझापाटन मिलन मार्ग टोल विकास संस्थाको १४ औ वार्षिक साधारण सभा तथा सातौ अधिवेशनले रामलाल सुनारलाई अध्यक्ष पदमा चयन गरेको छ।

विहीवार भएको अधिवेशनले सचिवमा स्वतन्त्र गौतम, कोषाध्यक्षमा विरेन्द्र सिग्देललाई चयन गरेको छ । त्यसैगरी सदस्हरुमा क्रमश सुमन श्रेष्ठ, लक्ष्मी वाँस्तोला, धनमाया सुनार र सिता पौडेल रहेका छन् । संस्थाले एक महिना भित्र कार्यसमिति पुरा गर्ने घोषण गरेको छ । त्यसैगरी सोही दिन भएको बाँझापाटन मलिनमार्ग महिला समुहको पाँचौ वार्षिक साधारण सभा तथा दोस्रो अधिवेशनले भगवती सिग्देललाई अध्यक्ष पदमा चयन गरेको छ।

महिला समुहको उपाध्यक्षमा विष्णुकुमारी गुरुङ, सचिवमा इन्दिरा सिग्देल, कोषाध्यक्षमा शारदा सापकोटा र सहसचिवमा लक्ष्मी वाँस्तोला चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश भवानी वाँस्तोला, पार्वती वाँस्तोला, विना अधिकारी, जमुना सुनार, सीता आचार्य, कृष्ण अधिकारी र निता लामा रहेका छन्। निर्वाचन मण्डलको संयोजकमा प्रा. तारा वराल, सदस्यहरुमा क्रमश गोविन्दलाल श्रेष्ठ र माधव आचार्य को समहुले भव्य र शान्त रुपमा नयाँ कार्यसमिति चयन गर्न सफल भएको छ। बाँझापाटन मिलन मार्ग टोल विकास संस्थाका अध्यक्ष रामराज सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा बाँझापाटन मिलन मार्ग महिला आमा समुहका निर्वतमान अध्यक्ष सम्झना कार्की, तीन अञ्चुरे टोल विकास संस्थाका अध्यक्ष इन्द्रवहादुर कुँवर लगायत वोलेको कार्यक्रममा संस्थाका उपाध्यक्ष रामलाल सुनारले स्वागत र सह सचिव शान्ति केसीले संचालन गरेकी थिइन्।

# स्थानीय सरकार संचालन ऐन पूर्णरुपमा कार्यान्वयनमो आग्रह

पोखरापत्र संवाददाता
पोखरा, २ कार्तिक

जिल्ला समन्वय समिति महासंघ गण्डकीले स्थानीय सरकार संचालन ऐनको दफा ९५ तत्काल पूर्ण रूपमा कार्यान्वयन गर्न आग्रह गरेको छ।

अध्यक्ष लिलाधर पौडेलको अध्यक्षतामा मुस्ताङको सदरमुकाम जोमसोममा सम्पन्न चौथो बैठकले स्थानीय सरकार संचालन ऐन दफा ९५ मा जिल्ला सभासंगको समन्वयमा गण्डकी प्रदेशमा रहेका नेपाल सरकार तथा प्रदेश सरकारका कार्यालयहरूले जिल्ला समन्वय समितिसंग समन्वय गरि कार्य गर्नु पर्नेछ भने तापनि ब्यबहारमा धैरै समस्या रहेकोले यस दफालाई सक्रिय बनाउन नेपाल सरकारले संविधानको धारा २३२ अनुसार मातहतका कार्यालयहरूलाई निर्देशन जारि गर्न आग्रह गर्दै जि.स.स. लाई थप प्रभाबकारी बनाउन आबश्यक निति निर्माण गरिदिन जोडदार माग गर्ने निर्णय गरेको हो। बैठकले नेपालको संविधानको धारा २२० को उपधारा ८ अनुसार जिल्ला समन्वय समिति सम्बन्धी अन्य ब्यबस्था प्रदेश कानुन बमोजिम हुनेछ भनिए तापनि हालसम्म समन्वय, अनुगमन, सहजीकरण र बिकास सन्तुलन सम्बन्धि कानुन गण्डकी प्रदेश सरकारबाट नबाइएको हुनाले छिटो भन्दा छिटो कानुन, ऐन, कार्यविधि, निर्देशिका निर्माण गरि जिल्ला समन्वय समितिको




भूमिकालाई प्रभाबकारी बनाउन ठोस पहलकदमी लिन गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयसंग जोडदार माग गरेको अध्यक्ष लिलाधर पौडेलले जानकारी दिनुभयो।

पौडेलका अनुसार गण्डकी प्रदेश अन्तर्गतका सबै जिल्ला समन्वय समितिहरूले बार्षिक समिक्षा गोष्ठी, अर्धबार्षिक समिक्षा गोष्ठी, जिल्ला सभा र अन्य सबै गतिविधिहरू बार्षिक कार्ययोजना तालिका बनाइ कार्यान्वयन गर्ने, मिति २०८० श्राबण २८ गते बेलुकी आएको भिषण बाढीका कारण क्षति हुन पुगेको मुस्ताङको कागबेनी क्षेत्रको पुनर्निर्माण कार्य प्राथमिकताका साथ अगाडि बढाउँन र पीडितहरूलाई राहत उपलब्ध गराउन, मुस्ताङ लगायत गण्डकी प्रदेशका जिल्लामा जलबायु परिबर्तनका कारण देखिएका असरहरूको न्यूनीकरणका तत्काल कार्यक्रम ल्याउन संघ तथा प्रदेश सरकारलाइ गम्भीर ध्यानाकर्षण गराएको छ। त्यसै गरि बैठकले गण्डकी प्रदेशको समृद्धिसंग जोडिएको कालिगण्डकी कोरिडोर अन्तर्गतको बेनि - जोमसोम- कोरला सडकको निर्माण कार्य तदारुकताका साथ् अगाडि बढाउन संघ, प्रदेश सरकार र निर्माण कम्पनिलाइ आग्रह गर्दै चीन प्रवेशको नाका कोरला नाकालाइ संचालनमा ल्याउने गृहकार्य तत्काल शुरु गर्न माग गर्ने निर्णय समेत गरेको छ । यसैगरि गण्डकी प्रदेश लगायत देशैभरी दैनिक उपभोग्य बस्तु लगायत अन्य बस्तुमा भएको अनियन्त्रित र अस्वाभाविक मूल्य वृद्धिले सर्बसाधारण नागरिक आक्रान्त भएको तर्फ जि. स. स. महासंघ गण्डकीको गम्भीर ध्यानाकर्षण भएको भन्दै बैठकले कालाबजारीले प्रश्रय पाएको जनगुनासो रहेकोले सो को नियन्त्रणका लागि अभिलम्ब पहलकदमी लिन स्थानीय तहहरू, स्थानीय प्रशासन, गण्डकी प्रदेश सरकार र संघ सरकारलाई जोडदार माग गरेको छ।

# नेपालद्वारा हङ्कङ पराजित

रासस
काठमाडौं, १ कार्तिक

राजधानीमा जारी त्रिकोणात्मक ट्वान्टी-२० क्रिकेट सिरिजमा नेपालले हङकङलाई ६ विकेटले पराजित गरेको छ।

हङकङले प्रस्तुत गरेको ९५ रनको विजयी लक्ष्य पच्छ्याएको नेपालले १३ दशमलव ५ ओभरमा ४ विकेट गुमाउँदै पूरा गर्यो। यो जितसँगै नेपालले जारी प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गराएको छ। हिजो भएको पहिलो खेलमा नेपालले संयुक्त अरब इमिरेट्स (युएई) लाई सात विकेटले पराजित गरेको थियो। नेपालका लागि आरिफ शेखले सर्वाधिक ४२ रनको योगदान दिए। उनले ३४ बलमा ६ छक्कासहित ४२ रनको योगदान दिएका हुन्। कप्तान रोहितकुमार पौडेलले अविजित २५ रन बनाए भने गुल्सन झाले अविजित १४ रन जोडे । कुशल भुर्तेल ८ रनमा आउट भए। हङकङका लागि एहशान खानले तीन विकेट लिए भने यासिम मुर्ताजाले एक विकेट झारे। त्यसअघि माथिल्लो मूलपानी क्रिकेट मैदान टस हारेर पहिले ब्याटिङको निम्तो पाएको हङकङ १९ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै ९४ रनमा समेटिएको थियो । हङकङका लागि यासिम मुर्ताजा सर्वाधिक ३६ बनाए । जिशन अलीले १७ रन बनाउनु बाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन्।

# १५ बालविकास केन्द्रमा शैक्षिक सामग्री सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २ कार्तिक



कास्कीका १५ विद्यालयका प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापनमा फर्निचर, खेलकूद तथा शैक्षिक सामग्री सहयोग भएको छ।

गुड नेवर्स ईन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा नौलो घुम्ती नेपालद्वारा संचालित एकीकृत सामुदायिक विकास परियोजनामार्फत विभिन्न पालिकाका १५ बालविकास केन्द्रलाई उक्त सहयोग प्रदान गरिएको छ। संस्थाले प्रारम्भिक बालविकासमा लगानी, दिगो राष्ट्रको मूल मर्मलाई मध्यनजर गर्दै बालमैत्री कक्षाकोठा व्यवस्थापन, सामग्री व्यवस्थापन, स्थानीय सामग्री निर्माण तथा प्रयोग जस्ता गतिविधि संस्थाले वार्षिक रुपमा सञ्चालन गर्दै आएको परियोजना अधिकृत महेश विश्वकर्माले बताए । सहयोग प्राप्त गर्ने श्री दीपेन्द्र आधारभूत विद्यालय मादी १०, कयरेका प्रधानाध्यापक गीता गुरुङ, श्री हिमालय मा.वि. मादी ९ गोर्जेका प्रधानाध्यापक चन्द्रमणि अधिकारीले विद्यालयमा रहेको बालविकास केन्द्रमा पहिला पनि गाउँपालिका तथा अन्य संस्थाबाट सहयोग भए तापनि विद्यालय मातहतको हिमालय बालविकास केन्द्रमा यो सहयोगले वडाभित्रका डाँडाथोक, खानेपानी, बनपालेबाट केन्द्रमा बालबालिका प्रत्यक्ष लाभान्वित हुने जानकारी दिए।

## धार्मिक ...

पौडेलले चाडपर्वलाई सुरक्षित, मर्यादित, मौलिक र सांस्कृतिक हिसाबले मनाउनुपर्ने मनाउनुपर्नेमा जोडनुभयो । नेकपाका म्याग्दी जिल्ला ईन्चार्ज उषा घर्ती घिमिरेले म्याग्दीको विकासका लागि राजनीतिक दलहरुबीच सहकार्य र साझा धारणा बनाउनुपर्छ भन्नुभयो। माओवादी केन्द्रको बेनी नगर कमिटी अध्यक्ष शेरबहादुर केसीले नगरपालिकाको विकास, सामाजिक तथा आर्थिक मुद्दाको साझा धारणा र सहकार्यको वातावरण बनाउ चाडपर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गगरिएको बताउनुभयो।

कार्यक्रममा गण्डकी प्रदेश सरकारका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री सुशीला सिम्खडा, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जाली, संविधानसभा सदस्य गोविन्द पौडेल, प्रदेश सांसद हरिबहादुर भण्डारी, पूर्वसांसद हरिराज अधिकारी, गायत्री गुरुङ, विनोद केसीलगायतको उपस्थिति थियो।

## आईएनएफ ...


गुरुङलाई हस्तान्तरण गरिएको थियो। पुरस्कारको राशि एक लाख यूरो रहेको छ। जर्मनीको राजधानी बर्लिनमा भखरै सम्पन्न समारोहमा पुरस्कार ग्रहणका लागि संस्थाको तर्फबाट कार्यकारी निर्देशक कृष्ण अधिकारी र मेडिकल सर्भिसेज डाइरेक्टर डा अरुण कुमार बुढा पनि सरिक हुनुभएको थियो । पुरस्कार ग्रहण पश्चात् खुशी व्यक्त गर्दै कार्यकारी निर्देशकले यस सम्मानले आईएनएफलाई कुष्ठरोगको रोकथाम, शीघ्र पहिचान, उपचार तथा रोग न्यूनिकरणमा थप हौसला मिलेको उल्लेख गर्नुभयो।


कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# अस्पतालमा गरिएको आक्रमण निन्दनीय

प्यालेस्टाइनमा भएको अस्पतालमाथिको आक्रमणको नेपालले निन्दा गरेको छ । इजरायलले हमासको आतंककारी कदमको विरोधमा अस्पतालमा गरिएको आक्रमणको विरोध र भत्सर्ना भएको छ । विश्वका शान्ति र न्यायका पक्षपातीले युद्ध रोक्न र शान्ति बहाल गर्न अपिल गरेका छन । गाजाको अस्पतालमा भएको आक्रमणमा नेपालले दुःख व्यक्त गरेको छ । परराष्ट्र मन्त्रालयले बिहीबार प्रेस विज्ञप्ति जारी गरी घटनाको निन्दा गरेको छ । कात्तिक १ गते साँझ ७ बजेतिर गाजाको अल-अहबी अरब अस्पतालमा विस्फोट भएको थियो । त्यसमा करीब ५०० जनाको मृत्यु भएको थियो । नेकपा एमालेले बुधबार विज्ञप्ति निकालेर घटनाको निन्दा र निर्दोष सर्वसाधारण मारिएकोमा दुःख व्यक्त गरेको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले विज्ञप्ति निकालेर इजरायलको निन्दा र भत्सर्ना गरेको भोलिपल्ट नेपालले पनि त्यही आशयको विज्ञप्ति निकालेर ऐक्यबद्धता जनाएको छ ।

युद्धका नियम विपरीत भएको आक्रमण निन्दनीय हो । अस्पताल, स्वास्थ्यकर्मी, बिरामी र सर्वसाधारण विरुद्ध भएको यो आक्रमणको जति निन्दा गरेपनि कम हुन्छ । नेपालले शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । साथै, विज्ञप्तिमा सर्वसाधारण विरुद्ध भएको आक्रमणको निन्दा गरिएको छ । 'जस्तोसुकै परि स्थितिमा पनि साधारणजनको सुरक्षाका लागि हामी आह्वान गर्छौं । हामी शान्तिमा विश्वास गर्छौं र विवादलाई शान्तिपूर्ण तरीकाले वार्ता मार्फत टुंग्याउन अनुरोध गर्छौं,' नेपालले भनेको छ । इजरायलको हमलाका कारण गाजा क्षेत्रको अल-अहबी अरब अस्पतालमा विस्फोट भएको प्यालेस्टिनी अधिकारीहरूको भनाइ छ । जसका कारण बालबालिका सहित ५०० जनाको ज्यान गएको प्यालेस्टाइनले जनाएको छ ।

इजरायली सरकारका केही अधिकारीले अस्पताल रहेको भवनमा हमासको कार्यालय भएको भन्दै त्यसमा आक्रमण गरिएको ट्वीट गरेका थिए । चौतर्फी विरोध हुन थालेपछि भने आफूले हमला नगरेको दाबी गर्दै आएका छन् । प्यालेस्टिनी 'इस्लामिक जिहाद' समूहको असफल रकेट प्रक्षेपणका कारण उक्त विस्फोट भएको इजरायलको आरोप छ । नेपालका पत्रकार तथा मानवअधिकारकर्मीहरुले इजरायलले मच्चाइरहेको आतंकवादी हमला र नरसंहारको सिलसिला तत्काल रोक्न माग गरेका छन् । बिहीबार दुई दर्जनबढी पत्रकार तथा मानवअधिकारकर्मीहरुले एक विज्ञप्ति जारी गर्दै प्यालेष्टाइनी जनतामाथिको नरसंहार तत्काल रोक्न माग गरेका हुन् ।

उनीहरुले तत्काल युद्धविराम गरी गाजा क्षेत्रमा मानवीय सहायता लाने बाटो खोल्न इजरायललाई दबाब दिन अन्तर्राष्ट्रिय समुदायलाई अपिलसमेत गरेका छन् । आफूहरु प्यालेष्टाइनी जनताका अधिकारको पक्षमा रहेको बताउँदै उनीहरुले भनेका छन्ः 'प्यालेष्टाइनीहरुलाई अलग राज्यका रुपमा संगठित हुने अधिकार विना त्यसक्षेत्रमा संघर्ष रहिरहनेछ भन्ने हामीलाई विश्वास छ ।' उनीहरुले हमास आतंकवादीहरुसँग अपहरण गरिएका सम्पूर्ण गैरसैनिक नागरिकहरुलाई तत्काल बन्धक अवस्थाबाट मुक्त गर्न समेत माग गरेका छन् । विज्ञप्तिमा भनिएको छः 'हामी हमास आतंकवादीहरुसँग अपहरण गरिएको सम्पूर्ण गैरसैनिक नागरिकहरुलाई तत्काल बन्धक अवस्थाबाट मुक्त गर्न माग गर्दै उनीहरुले इजरायलमा गैरसैनिक नागरिकमाथि गरेको आक्रमण, १० जना नेपालीसहित गैरसैनिक नागरिकहरुको हत्या र अपहरणको भर्त्सना गर्छौं ।'

उनीहरुले इजरायल र प्यालेष्टाइनबीच दुई अलग र स्वतन्त्र राज्यको अवधारणाका आधारमा समस्या समाधान गरेमात्र पश्चिम एसियामा दिगो शान्ति स्थापना हुनेमा विश्वास गर्न सकिने समेत बताएका छन् । केही हप्ताअघि प्यालेष्टाइनी विद्रोही समूह हमासले इजरायलमा आक्रमण गरेपछि अहिले इजरायलले पनि प्यालेष्टाइनीतर्फ आक्रमण तीव्र बनाएको छ । सो आक्रमणका कारण दुवैतर्फ ठूलो जनधनको क्षति भएको छ । गाजामा मानवीय राहत पठाउने र युद्धविराम गरेर शान्तिपूर्ण वार्ताबाट समस्या समाधान अहिलेको मुख्य काम हुनुपर्छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाव |
| वृष | : मन चञ्चल | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : व्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पोखरामा नेपालकै पहिलो ठूलो मोटरबाइक रेस हुने

पोखरापत्र संवाददाता
पोखरा, २ कार्तिक

पोखरामा नेपालकै पहिलो ठूलो मोटरबाइक रेस 'फिसटेल रेसिड कप २०२३' हुने भएको छ ।

नेपालको मोटर स्पोर्टस संस्था (नासा) संग आवद्ध भिआर-४६ मोटर स्पोर्टस प्रालीले उक्त प्रतियोगिता यहि नोभेम्बर २४ र २५ तारिख (मसिर ८-९ गते) गर्न लागेको हो ।

इटालियन रेसिड टिमको नेपाल शाखाको रुपमा रहेको भिआर-४६ मोटर स्पोर्टसका प्रवन्ध निर्देशक माइकल थापाका अनुसार उक्त प्रतियोगितामा करिब १ सय भन्दा बढि प्रतियोगीहरुको सहभागिता हुने छ । पोखरा रंगशालामा आयोजना हुने प्रतियोगिता नेपालकै पहिलो ठूलो बाइक रेस भएको जनाउँदै थापाले यो प्रतियोगिताले पोखराको आन्तरिक र बाह्य पर्यटनका लागि समेत महत्वपूर्ण रहेको बताए । उनले भने-"अब पोखरा हिमाल र तालले मात्रै चिनिने छैन सहासिक खेलकुदको उत्कृष्ट खेल मध्येको एक बाइक रेसले पनि विश्वमा चिनिने छ ।" नेपालमा बाइक संस्कृतिको इतिहास लामो भए पनि यसको खेलकुदको संस्कृति नयाँ भएको जनाउँदै धेरैको रुचीको विषय समेत भएकोले प्रतियोगितालाई ठूलो आकारमा आयोजना गर्न लागिएको प्रवन्ध निर्देशक थापाले बताए । प्रतियोगिताको तयारी सुरु भएको जनाउँदै उनले भने-"नेपालको बाइक रेसको इतिहासमा नै वृहत् मोटरबाइक रेस नेपालकै ठूलो ट्र्याक पोखरा रंगशालामा आयोजना हुनेछ । यसले बाइक रेस के हो भन्ने चिनाउने सँगै युवा खेलाडीहरुलाई यसतर्फ आकर्षण गराउन समेत प्रभावकारी हुनेछ ।" गत वर्ष सानो आकारमा सम्पन्न गरिएको प्रतियोगिताले पनि आफूहरुलाई दोश्रो संस्करणको तयारी सँगै ठूलो आकार र धेरैको सहभागितामा प्रतियोगिता आयोजना गर्न लागि हौसला मिलेको बताउँदै प्रवन्ध निर्देशक थापाले आफ्नो संस्थाले विगतमा रोड सेफ्टीका विषयमा समेत धेरै युवाहरुलाई प्रशिक्षण प्रदान गरेको बताए । "हामीले विगतमा रोड सेफ्टीका विषयमा धेरै युवाहरुलाई जागरुक गराएका छौं । 'हाइ वे सेफ्टी राइड', उमेन्स बाइक रेस पनि आयोजना गरिसकेका छौं । अब रेसका माध्यमबाट उनीहरुलाई यस बारे थप जागरुक र सचेतना फैलाउन सहयोग मिल्नेछ ।" प्रतियोगितामा प्रथम, द्वितिय र तृतिय हुने खेलाडीलाई क्रमश जनही नगद रु १ लाख, ७५ हजार र ५० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । विजेता तिनै जना खेलाडीलाई अन्तर्राष्ट्रिय बाइक रेसको अवसर समेत प्रदान गरिने आयोजकले जनाएको छ ।

प्रतियोगिता सम्पन्न गर्न ३५ लाख खर्च हुने जनाउँदै आयोजकले उक्त प्रतियोगिता अवलोकनका लागि टिकटको समेत व्यवस्था गर्न लागेको छ । साधारण तर्फ २ सय र भिआइपीतर्फ १ देखि ५ हजार सम्मको टिकट विक्रि गरिने प्रवन्ध निर्देशक थापाले जानकारी दिए । नेपाली बाइक रेसको इतिहास टिकटको व्यवस्था समेत पहिलो हो । प्रतियोगितामा १५० सिसी र ६०० सिसी गरि दुई प्रकारका बाइकहरुको प्रयोग हुने छ । जिल्ला खेलकुद विकास समिति कास्कीमा स्विकृती लिएर आयोजित उक्त बाइक रेस पोखरा रंगशाला भित्र रहेको कालोपत्रे सडक भित्र सञ्चालन हुनेछ ।

# पन्ध्र दुग्ध उत्पादक किसान पुरस्कृत

पोखरापत्र संवाददाता
तनहुँ, २ कार्तिक

जिल्लाको बन्दीपुर-५ याम्पाफाँटस्थित याम्पाफाँट दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले बिहीबार १५ दुग्ध उत्पादक कृषकलाई पुरस्कृत गरेको छ ।

संस्थाको २७ औं वार्षिक साधारणसभाको अवसरमा सबैभन्दा बढी दूध बिक्री गर्ने किसानलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिएको हो । गण्डकी प्रदेशका सांसद एवं नेकपा (माओवादी केन्द्र) गण्डकी प्रदेश संसदीय दलका नेता हरिबहादुर चुमान, संस्थाका अध्यक्ष पुष्पराज पौडेलले किसानलाई दोसल्ला ओढाएर गाग्री र नगदसहित पुरस्कृत गर्नुभएको हो ।

यसरी पुरस्कृत हुनेमा नमूना गाई फार्मका सञ्चालक पुष्पराज पौडेल, रमेश ढकाल, काशीनाथ भट्टराई, सुरज गाई फार्मका सुरज घिमिरे, रामनाथ भट्टराई ख, छविलाल घिमिरे, कमला पन्त, सिर्जना गाई फार्मका हरिप्रसाद भट्टराई, ओमप्रसाद लामिछाने र हिमलाल भट्ट रहनुभएको छ । त्यसैगरी दलित समुदायबाट बढी दूध बिक्री गर्ने रामबहादुर सुनार र जनजाति समुदायबाट सबैभन्दा बढी दूध बिक्री गर्ने अशोक थापा मगर पनि पुरस्कृत हुनुभएको छ ।

त्यस्तै गुणस्तरतर्फ मुना न्यौपाने र झलक क्षत्री, सरसफाइतर्फ कमला पन्थ र ईन्दिरा घिमिरेलाई पुरस्कृत गरिएको हो । जिल्लाकै नमूनाको रुपमा रहेको याम्पाफाँट दुग्ध उत्पादक सहकारीले वार्षिक रु १२ करोडभन्दा बढीको दूध बिक्री गर्दै आएको छ ।

# फेवा सहकारी संस्थाको अध्यक्षमा श्रेष्ठ

पोखरापत्र संवाददाता
पोखरा, २ कार्तिक




फेवा बचत तथा ऋण सहकारी संस्थाको २४ औ साधारण सभा एवं ८औ अधिवेशन सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. का संचालक चण्डी प्रसाद शर्मा पौडेलले उद्घाटन गर्नुहुँदै फेवा बचत तथा ऋण सहकारी संस्थाको २४ औ साधारण सभाको सफलताको शुभकामनाका साथ सम्मानित सबैलाई बधाई दिनुहुँदै बर्तमान अबस्थामा सहकारी क्षेत्रको बारेमा प्रकाश पार्नुहुँदै फेवा सहकारी नेपाल कै सबैभन्दा बृद्ध जेष्ठअध्यक्षको नेतृत्वमा संचालित भएको एक नम्बर मा रहेको नमुना सहकारी भएको प्रगतीलाई ईङ्गीत गर्दै उत्कृष्ट रहेको र अझै ब्यबस्थित रूपमा सहकारी संचालनका लागी निती नियम लगायत महिला सदस्यहरूको अहम भूमिका रहनु पर्ने बताउनु भयो ।

२ हजार ५ सय ६६ जना साधारण शेयर सदस्य रहेको साधारण सभामा करिब १४ सय जनाको सहभागिता रहेको उक्त सभामा सस्थामा नियमित कारोबार गरी सस्थालाई उल्लेखनीय योगदान पुऱ्याउनु हुने शेयर सदस्यहरूमा चन्द्र माया गुरुङ, गोकुल गुरुङ, चक्रपाणी आचार्य, हरि बहादुर थापा, कृष्ण प्रसाद दाहाल, आश बहादुर सुनार, सुनील थापा, दिननाथ दवाडि र बिर बहादुर तामाङ लगायत कर्मचारी कोपिला लामिछानेलाई टिका दोसल्ला मायाको चिनो र सम्मान पत्र द्वारा प्रमुख अतिथिले सम्मान गरेएका थिए ।

उक्त २४औ साधारण सभा तथा ८ औ अधिवेशनले ३ बर्षे कार्यकालको लागी निर्वाचन समितिका संयोजक पुष्पराज दाहाल सदस्य भिम बहादुर गुरुङ र सदस्य महेश गुरुङ को समितिले सम्मर बहादुर श्रेष्ठको अध्यक्षतामा ९ सदस्यीय संचालक समिति निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्दै समितिको उपाध्यक्ष शेरकाजी गुरुङ, सचिब दिल बहादुर भट्टराई, कोषाध्यक्ष पुर्णभद्र अधिकारी, सदस्यहरूमा किरन बैध बिजुक्छे, योगराज पौडेल, क्या.श्याम बहादुर गुरुङ, तिलु गुरुङ र बिष्णु प्रसाद गुरुङ र लेखा तथा सुपरिवेक्षण समितिका संयोजकमा श्याम गुरुङ, सदस्यहरूमा कुलराज शर्मा र चक्रपाणी दाहाल निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्नुहुदै निर्वाचन समितिका संयोजक पुष्पराज दाहाल ले नव निर्वाचित सबैलाई सफत ग्रहण गराउनु भएको थियो । सो अवसरमा अध्यक्षको प्रतिवेदन अध्यक्ष क्या. चन्द्र प्रसाद गुरुङको प्रतिवेदन सचिब बहादुर भट्टराई र कोषाध्यक्षको प्रतिवेदन कोषाध्यक्ष शेरकाजी गुरुङ र संचालक समितिको तर्फबाट प्रमुख कार्यकारी अधिकृत हरिभक्त पौडेलले आ.व. ०८०/०८१ को वार्षिक निती तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नु भएको बजेट प्रतिवेदन सर्बसंवत पास गरिएको थियो । साधारण सभामा बिशिष्ठ अतिथि एवं जिल्ला सहकारी संघ लि. कास्कीका अध्यक्ष साबित्रा कोइराला, राष्ट्रिय सहकारी बैंक गण्डकी प्रदेशका प्रमुख नरेश पाण्डे, सस्थाका सल्लाहकार महेश गुरुङ, सस्थाका कानुनी सल्लाहकार पुष्पराज दाहाल, सहकारी बिज्ञ भिम गुरुङ, राम बजार सोसाइटी यूकेका सल्लाहकार डा. चन्द्र बहादुर गुरुङ, रामबजार सोसाइटी यूकेका पुर्व अध्यक्ष रूपक गुरुङ, याङ्जाकोट तमु समाजका अध्यक्ष जेम्स प्रसाद गुरुङ, फिर्के तमु समाजका अध्यक्ष काजीमान गुरुङ, दाहाल समाज नेपालका अध्यक्ष छबिराज दाहाल लगायतका वक्ताले बोलेका थिए । उक्त कार्यक्रममा नब निर्वाचित अध्यक्ष श्रेष्ठले सहकारी बिकासका लागी अझै काम गर्न बाकी रहेको महसुस गर्नुहुदै फेवा सहकारीको बिकासका लागी थप कार्यहरूर्दै जाने प्रतिबद्धता जाहेर गर्नु भयो । उक्त साधारण सभा मा कार्यक्रम संयोजक एवं उपाध्यक्ष सम्मर बहादुर श्रेष्ठले स्वागत गर्नु भएको कार्यक्रममा फेवा बचत तथा ऋण सहकारी सस्था का अध्यक्ष क्या.चन्द्र प्रसाद गुरुङको अध्यक्षतामा सम्पन्न गरिएको उक्त कार्यक्रममा सहकारीका सात सिद्धान्त बाचन सहकारी सस्थाकि सदस्य किरन बैध बिजुक्छेले गर्नु भएको कार्यक्रममा सस्थाका प्रमुख कार्यकारी अधिकृत हरिभक्त पौडेलले कार्यक्रम संचालन गर्नुभएको थियो ।



## चण्डी कालिका सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लि.

### पुतलीबजार नगरपालिका-१ हुलाकमार्ग, स्याङ्जा

### फोन नं. ०६३-४२४०७६

## धितोमा रहेको अचल सम्पति डांक बढाबढ्द्धारा लिलाम बिक्री गरिने बारेको ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशन मितिः २०८०/०७/०३**

यस संस्थाका तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले लिएको कर्जा, संस्थाको नियमानुसार (कर्जा लिने क्रममा गरेको सर्त बमोजिम) बुझाउनुपर्ने सावा, ब्याज नबुझाई कर्जा सम्वन्धी शर्त वन्देज उल्लङ्घन गरेको तथा पटक पटक लिखित एवं मौखिक तर ताकेता गर्दा समेत कर्जाको सावां, ब्याज र हर्जाना चुक्ता भुत्तान गर्न कुनै पहल नगरेकोले, ऋण चुक्ता गर्न आउने बारेको यो सार्वजनिक सूचना प्रकासित गरिएको छ । यो सूचना प्रकासित भएको मितिले ३५ दिनभित्र तिर्न/बुझाउन पर्ने सम्पूर्ण रकम बुझाउनु हुन जानकारी गराईन्छ । उक्त म्याद भित्र ऋण चुक्ता नगरेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को परिच्छेद ८ को दफा ३० को परिधिमा रहि, संस्थाको विनियम २०५७ र संस्थाको ऋण निति २०७१ ले दिएको अधिकार प्रयोग गरी संस्थाले लेना रकम असुल उपर गर्न तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले ऋण लिने क्रममा संस्थालाई लेखि दिएको धितो घर/जग्गा, यो सूचना प्रकासित भएको मितिले ३६औं दिनमा लिलाम बढाबढ गरिने बारेको सार्वजनिक सूचना प्रकाशन गरिएको व्होरा समेत सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको चलअचल सम्पति बिक्रीबाट पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको नाममा रहेको अन्य चलअचल सम्पति समेतबाट बाँकी कर्जाको सावां, ब्याज, हर्जाना तथा अन्य दैदस्तुर समेतको रकम असुल उपर गरीने व्होरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**तपसील**

| क्र.सं. | ऋणीको नाम | ठेगाना | उदेश्य | सावा | ब्याज | हर्जाना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | केश वहादुर थापा | पुतलीबजार १० बरजा | घरायसी र संचालन | ६,३३,१९२ | ४,००,०५५ | ७,८३४ | १०,४१,०८१ |
| २ | प्रविण जंग अधिकारी | पुतलीबजार १ हुलाकमार्ग | घरायसी | ९,७८,४५४ | ४,४४,९६८ | २५,०७९ | १४,४८,५०१ |
| ३ | कृष्ण पौडेल | पुतलीबजार १ वर्षे | कृषी र घरायसी | १,९५,१७७ | ५८,३०९ | ४,२३४ | २,५७,७२० |

**धितोको विवरणः**

१. **ऋणीको नाम : केश वहादूर थापा,** बाजे : गजविर, बाबुः कृष्ण वहादुर स्याङ्जा जिल्ला साविक करेण्डाँडा गा.वि.स. वडा नं. १ को हाल पुतलीबजार नगरपालिका वडा नं. १० बरजा स्थीत कित्ता नं. ३१९,३२३,३२४ र ३२७ को क्षेत्रफल क्रमसः ०.१.३.२, २.३.०.२, ३.७.०.२, १.१२.०.३ ।

२. **ऋणीको नाम : प्रविणजंग अधिकारीः** बाजेः बालनर सिं, बाबुः शेरजंग अधिकारी स्याङ्जा जिल्ला साविक स्याङ्जा पुतलीबजार गा.वि.स. वडा नं. ५ को हाल पुतलीबजार नगरपालिका वडा नं. ३ कालिमाटी स्थीत कित्ता नं.२६०९ को क्षेत्रफल ०.२.२.० ।

३. **ऋणीको नाम : कृष्ण पौडेल बाजेः** दल वहादुर, बाबुः राम वहादूर स्याङ्जा जिल्ला साविक स्याङ्जा पूतलीबजार गा.वि.स. वडा नं. ९ को हाल पुतलीबजार नगरपालिका वडा नं. १ वर्षे स्थीत कित्ता नं.३५०३ क्षेत्रफल ४.२.३.२

सूचना प्रकाशन भएको मितिले ३६औं दिनमा संस्थाको कार्यालयमा विहान १०:३० बजेदेखि दिनको ४:०० बजेसम्म धितो लिलामको डांक बढावढ हुनेछ, सो दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सोहि समय र स्थानमा लिलाम बिक्री डाक बढाबढ संचालन हुनेछ । डांक बढाबढ गर्दा सवै भन्दा बढी डांक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृत हुनेछ । अन्य थप जानकारीको लागि संस्थामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



**जन्म :**
**१९८२/०५/१५**

**स्वर्गारोहण :**
**२०८०/०५/१६**

**स्व. बिबा देबी नेपाली**

हाम्रो आमा पुर्खौली घर दाना म्याग्दी भई पछिल्लो समय जर्मन बस्दै आउनु हुने र अन्तिम समय पोखरा न्यूरोड ग्रिन हाउसमा बस्दै गर्दा हामी सबैको जेष्ठ आमा, सबैको भलो चाहने समाजसेवी, अति मिजासिलो, मिठो बोली साथै दाना म्याग्दी सेरोफेरोको धेरै जनासँग चिनाजानीमा रहनुभएकी **बिबा देबी नेपाली** को ९८ वर्षको उमेरमा हामी सबैलाई सदाको लागि छोडेर जानु भएको आज ४९ औं दिनको पुण्य तिथिको अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**छोराहरू:**
मनाकाजी नेपाली
भक्त नेपाली
टेक नेपाली
स्व. लाल बहादुर नेपाली
हिरा नेपाली

**बुहारीहरू:**
फूल कमारी नेपाली
लक्ष्मी नेपाली
मेनुका नेपाली
सर्मिला नेपाली
निता राना नेपाली

**छोरीहरू:**
सुर्य नेपाली
स्व. कृष्ण कुमारी
गंगा नेपाली
जमुना नेपाली
पार्वती नेपाली

**ज्वाइँहरू:**
धन नेपाली
स्व. सम्मर नेपाली
भिम प्रसाद नेपाली
सोम ब. नेपाली
शक ब. नेपाली

**नातीहरू:**
इष्टफन नेपाली
साजन नेपाली
केविन नेपाली
सिजन नेपाली
सरल नेपाली
रविन नेपाली
एलविन नेपाली
सफल नेपाली

**नातिनाहरू:**
तारा, शिला
विमा, रिमा
रिना, रोशनी
सङ्गिता, रेखा,
यमा नेपाली

**नातिनी बुहारी:**
रोशनी नेपाली
सरू श्रेष्ठ नेपाली

**नातिनी ज्वाइँ:**
राजु नेपाली
लव थापा

**पलातिनी नाति नातिनाहरू:**
भेनिसा नेपाली
जेनिसा नेपाली
चाँदनी नेपाली
सिद्धार्थ नेपाली
करिष्मा नेपाली
सिवानी नेपाली

**पनातिनी :**
रिदिमा
रियासा
रिया
दिवा

**छोरी/ज्वाइँ: पार्वती नेपाली/ शक नेपाली**